माण्डवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका लागि मनोसामाजिक परामर्शकर्ता (**Psychosocial Counsellor**) (पाँचौ तह) को पदको पदपूर्ती गर्ने प्रयोजनका लागि स्वीकृत पाठ्यक्रम तथा परीक्षा योजना

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०५।०४

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जसपुर, प्युठान
(सहायकस्तर पाँचौ तह, "मनोसामाजिक परामर्शकर्ता" पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम)

१. परीक्षा योजना (Examination Scheme) : परीक्षा तीन चरण (Three Phases) मा सञ्चालन हुनेछ ।

प्रथम चरणः प्रारम्भिक छनौट तथा सूची प्रकाशन

यस चरणमा माण्डवी गाउँपालिका करारमा प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा (३) (क), (ख) र (ग) बमोजिमको छनौट तथा सूचीकरण हुनेछ ।

उल्लिखित प्रावधान (ऐ. कार्यविधिको दफा ४ (३) (क)) को प्रयोजनका लागि न्यूनतम शैक्षिक योग्यताको अङ्क गणना गरिनेछ ।

दोस्रो चरणः लिखित तथा प्रयोगात्मक परीक्षा परीक्षा चरण

तेस्रो चरणः अन्तर्वार्ता चरण

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न सङ्ख्या × अङ्क | समय | कै. |
|---|---|---|---|---|---|---|---|
| प्रथम चरण | प्रारम्भिक छनौट तथा सूची प्रकाशन | ८० | - | - | - | - | (ऐ. कार्यविधिको दफा ४ (३) |
| दोस्रो चरण | लिखित तथा प्रयोगात्मक परीक्षा परीक्षा चरण | क. सेवा सम्बन्धी विषय ५० | २० | वस्तुगत बहुवैकल्पिक प्रश्न (MCQ) | २५ प्रश्न × २ अङ्क | २५ मिनेट | सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ को अनुसूची ४ |
| | | ख. प्रयोगात्मक विषय १० | | ४ | ४ प्रश्न × २.५ अङ्क | २० मिनेट | |

भुवन कुमार शाही
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | को क्र.सं.५ तथा सम्बन्धित पदको कार्यविवरणलाई आधार मानी |
| तेस्रो चरण | अन्तर्वार्ता चरण | २० | आधार | विषयवस्तुको ज्ञानबाप | व्यक्तित्वबापत | प्रस्तुतीकरण शैली बापत | आत्मविश्वास र रुचीबापत |
| | | | अङ्क | ४ | २ | २ | २ |
| | | | कै. | (उल्लिखित प्रत्येक आधारमा कुलअंकको ७० र ४० प्रतिशत बीचमा (८ अङ्क देखि १४ अङ्क सम्म) अङ्क प्रदान गर्नुपर्नेछ । त्योभन्दा बढी वा घटी अंक दिनुपरेमा कैफियतमा स्पष्टीकरण लेख्नुपर्नेछ) | | | |

२. द्रष्टव्य तथा निर्देशिका (Instructions)

१. प्रथम चरणको प्रारम्भिक छनौट तथा सूची प्रकाशन, दोस्रो चरणको लिखित तथा प्रयोगात्मक परीक्षा र तेस्रो चरणको अन्तर्वार्ता परीक्षाको कूल प्राप्ताङ्कका आधारमा अन्तिम नतिजा सिफारिस गरिनेछ ।

२. दोस्रो चरणको लिखित तथा प्रयोगात्मक परीक्षा एकै दिनको फरक समयमा सञ्चालन गर्न सकिनेछ।

३. लिखित र प्रयोगात्मक परीक्षा एकै दिन भएको अवस्थामा लिखित परीक्षा समाप्त भए पश्चात प्रयोगात्मक परीक्षा र उत्तरपुस्तिका परीक्षण एकै समयमा गर्न बाधा पर्ने छैन । तर यसरी गर्दा उत्तरपुस्तिका कोडिङ्ग, परीक्षण तथा डिकोडिङ्ग जस्ता क्रियाकलापमा संलग्न व्यक्ति प्रयोगात्मक परीक्षा सञ्चालनमा सहभागी नहुने गरी सञ्चालन गरिनेछ ।

४. उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन।

५. पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मितिभन्दा ३ महिना अगाडिसम्म संशोधन भई कायम रहेकालाई पाठ्यक्रममा परेको मानिनेछ।

<u>मनोसामाजिक परामर्शकर्ता (सहायकस्तर पाँचौ ) पदको लिखित तथा प्रयोगात्मक परीक्षाको पाठ्यक्रम</u>

क) सेवा सम्बन्धी लिखित परीक्षा विषयवस्तु

१. सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१

२. वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली, २०६४

३. वैदेशिक रोजगार नीति, २०६८

भुवन कुमार शाही
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

५. वैदेशिक रोजगारमा देखिएका सकारात्मक र नकारात्मक प्रभावहरु

६. वैदेशिक रोजगारमा संलग्न घरपरिवारमा देखिने मनोसामाजिक समस्या तथा समस्या समाधानका उपायहरु

७. मनोसामाजिक परामर्शका आधारभूत पक्षहरु, मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु, भूमिका र जिम्मेवारी

८. लैङ्गिक हिंसा, बाल अधिकार र ज्येष्ठ नागरिक सम्बन्धी कानूनी प्रावधानहरू

९. स्थानीय परिवेश तथा भूगोल सम्बन्धी सामान्य जानकारीहरु

(ख) कम्प्यूटर सम्वन्धी प्रयोगात्मक विषय

1. Computer: Fundamental Operations
2. English and Nepali typing
3. Word processing
4. Electronic Spreadsheet (MS Excel) and Data Management System
5. PowerPoint presentation
6. Internet Browsing and Website management

२०८१/०५/०८

भुवन कुमार शाही
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

## उम्मेदवारको योग्यता सम्बन्धमा

(सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ को अनुसूची ४ को क्र.सं.५ बमोजिम)

मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। सो योग्यता निम्नानुसार रहेको छः

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिष्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ।
- कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।

२०८२।०८।०४

भुवन कुमार शाही
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner